# खाराको युद्ध

# युद्धमा प्रयोग भएका हात हतियार गोली गट्ठा र अन्य उपकरणहरू

## माओवादि तर्फ

| सि.नं. | हतियारको नाम | पश्चिम डिम | | 1st Bde | | 4th Bde | | 9th Bde | | स्टोरमा भएको गोलिगट्ठा | जम्मा | | प्रति हतियार गोली |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हतियार | गोलिगट्ठा | हतियार | गोलिगट्ठा | हतियार | गोलिगट्ठा | हतियार | गोलिगट्ठा | | हतियार | गोलिगट्ठा | |
| १. | 303 | २९२ | ५८४० | २५८ | ८२७० | ८२ | ३१६० | १०३ | ४३३१ | ५१६१ | ७३५ | २६७७२ | ३६ |
| २. | SLR | ९० | ४५०० | ९५ | ४०९० | ३४ | १८०० | ३५ | १९५३ | ५९२५ | २५४ | २४२८० | ४७ |
| ३. | LMG | ९ | ९०० | ९ | १९३८ | ४ | ११४४ | ४ | ९३० | | २६ | ९१०० | ३५० |
| ४. | SMG | २२ | १२१० | २२ | १३४३ | ८ | ४०८ | ७ | ३१७ | २८७४ | ५९ | ६१२५ | १०३ |
| ५. | GPMG | २ | ६०० | १ | ५५० | | | | | | ३ | ३००० | १००० |
| ६. | INSAS | १२ | २४०० | १८ | ३३४० | ८ | ८४८ | ८ | ७०१ | | ४६ | ९३९५ | २०० |
| ७. | 2"Mortar | ५ | ८ | २ | ८ | २ | ९ | १ | ७ | | १० | ३२ | ३ |
| ८. | TTS | १ | | १ | ६ | १ | १२ | | | | ३ | १८ | ६ |
| ९. | M16 | ८ | १६०० | १ | | | १ | २०० | | | १० | १८०० | १८० |
| १०. | G.F.Rifle | | | २० | ८०० | ७ | २०७ | ६ | १० | | ३३ | १०१७ | ३० |
| ११. | AK-47 | ३ | ३०० | १ | | | | | | ५६ | ४ | ३५६ | ४९ |
| १२. | 81 mm Mortar | १ | २३ | १ | २० | | | | | | २ | ४३ | २१ |

## विद्राहीबाट बरामद भएका हतियार, एम्युशिन तथा अन्य सामाग्रीहरू

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | AK 47 राइफल नाल | १ | |
| २. | ऐ.को म्याग्जीन गोटा | १ | |
| ३. | गलील राईलफल नाल | १ | |
| ४. | ऐ.को म्याग्जीन गोटा | २ | |
| ५. | जि.एफ.राईफल नाल | ५ | |
| ६. | एस.एल.आर.राईफल नाल | ६ | |
| ७. | ऐ.को म्याग्जीन गोटा | २ | |
| ८. | ३०३ राईफल नाल | १८ | |
| ९. | ऐ.को म्याग्जीन गोटा | १८ | |
| १०. | ईन्सास राईफल नाल | १ | |
| ११. | ऐ.को म्याग्जीन गोटा | ८ | |
| १२. | एस.एम.जि.नाल | २ | |
| १३. | ऐ.को म्याग्जीन गोटा | १६ | |
| १४. | एल.एम.जि.को म्याग्जीन गोटा | ८ | |
| १५. | मिनिमि को म्याग्जीन गोटा | १ | |
| १६. | M203 को बम गोटा | ३६ | |
| १७. | SLR को व्युनेट गोटा | १ | |
| १८. | बाल्टीन बम गोटा | १५ | |
| १९. | कुकर बम गोटा | २ | |
| २०. | वग्लोर तर्पिडो गोटा | ११ | |
| २१. | वायर कटर गोटा | ४६ | |
| २२. | सकेट बम | २८ बाक्सा | |
| २३. | साबेल गोटा | ३४ | |
| २४. | पिक गोटा | ४० | |
| २५. | कोदाली गोटा | २९ | |
| २६. | गल गोटा | ५ | |
| २७. | स्टाइकर गोटा | ३ | |
| २८. | डट्पेन बम गोटा | ११ | |

| | | | |
|---|---|---|---|
| २९. | मोवाईल फोन सेट गोटा | १ | |
| ३०. | टेलिफोन सेट गोटा | २ | |
| ३१. | नं.३६ ह्याण्ड गृनेड गोटा | १२ | |
| ३२. | प्लाष्टिक गृनेड गोटा | १६ | |
| ३३. | क्यामराको ल्फा्स गोटा | १ | |
| ३४. | नं.३६ ह्याण्ड गृनेड गोटा | ४ | |
| ३५. | प्लाष्टिक गृनेड गोटा | २ | |
| ३६. | विभिन्न हतियारको राउण्ड करिब | १००० | |
| ३७. | २” मोर्टारको एच.ई.बम गोटा | ३ | |
| ३८. | ब्याट्री घडी गोटा | १ | |
| ३९. | क्लेमोर माईन गोटा | २ | |
| ४०. | विभिन्न दस्तावेजहरु | | |

## आक्रमणमा माओवादीको तर्फबाट प्रयोग भएका गोली गठ्ठा

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | ८१ मि.मि.मोर्टरको बम गोटा | ३० | |
| २. | 40 MM RL को रकेट गोटा | ३ | |
| ३. | २” मोर्टरको एच.ई.बम गोटा | २५ | |
| ४. | ५१ मि.मि.को मोर्टरको एच.ई.बम गोटा | १० | |
| ५. | M203 को गृनेड | ३० | |
| ६. | ७.६२ मि.मि.राउण्ड | २५००० | |
| ७. | ५.५६ मि.मि.राउण्ड | ५००० | |
| ८. | ९ मि.मि.राउण्ड | ४००० | |
| ९. | विभिन्न किसिमको आई.ई.डि.हरु प्रशस्त मात्रामा | | |

## सेनाको तर्फबाट प्रयोग भएका हातहतियार

| सि.नं. | विवरण | एकाई | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १. | M16A2 राईफल | नाल | ९६ | |
| २. | ऐ.को म्यागजीन | गोटा | ४८० | |
| ३. | एम.एम.जि | नाल | २४ | |
| ४. | ऐ.को म्यागजीन | गोटा | १४४ | |
| ५. | मिनिमि गन | नाल | १४ | |
| ६. | ऐ.को जगेडा ब्यारोल | गोटा | १४ | |
| ७. | ऐ.को म्यागजीन | गोटा | १४ | |
| ८. | एल.एम.जि. | नाल | १२ | |
| ९. | ऐ.को जगेडा ब्यारोल | गोटा | १२ | |
| १०. | ऐ.को म्यागजीन | गोटा | ३०० | |
| ११. | M203 | नाल | ३ | |
| १२. | ऐ.को ग्रनेड | गोटा | ४५ | |
| १३. | जि.पि.एम.जि. | नाल | २ | |
| १४. | ऐ.को जगेडा ब्यारोल | गोटा | २ | |
| १५. | ९ मि.मि.ब्रोनिङ्ग पेस्तोल | नाल | ३ | |
| १६. | ऐ.को म्यागजीन | गोटा | ६ | |
| १७. | स्नाईपर जर्मनी | नाल | १ | |
| १८. | ऐ.को म्यागजीन | गोटा | ४ | |
| १९. | ४० मि.मि.रकेट लन्चर | नाल | ३ | |
| २०. | ऐ.को एच.ई.ए.टि.राउण्ड | गोटा | ३५ | |
| २१. | ८१ मि.मि.मोर्टर | नाल | १ | |
| २२. | ऐ.को एच.ई. | गोटा | २३५ | |
| २३. | ऐ.को स्मोक | गोटा | ४८ | |
| २४. | ऐ.को प्यारा | गोटा | १९ | |
| २५. | २" मोर्टर | नाल | ३ | |

# सेनाको तर्फबाट खर्च भएका गोली गठ्ठा

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | ५.५६ राउण्ड | ९८५६९ | |
| २. | ७.६२ को वाल राउण्ड | ३६१२८ | |
| ३. | ९ मि.मि.को वाल राउण्ड | १४१२८ | |
| ४. | ह्याण्ड हेल्ड प्यारा ल्फेयर गोटा | ४५ | |
| ५. | ४० मि.मि.HEAT गोटा | ३५ | |
| ६. | ऐ.को एच.ई.बम गोटा | ४०५ | |
| ७. | ऐ.को प्यारा बम गोटा | ४१ | |
| ८. | ऐ.को स्मोक बम गोटा | १५ | |
| ९. | ८१ मि.मि.को एच.ई.बम | २५५ | |
| १०. | ऐ.को प्यारा बम गोटा | ४१ | |
| ११. | ऐ.को स्मोक बम गोटा | १५ | |
| १२. | गृनेड (प्लाष्टिक) गोटा | ६५२ | |
| १३. | टुईन ब्याराव्ल APIC राउण्ड | १४१३ | |
| १४. | ऐ.को APITC राउण्ड | २००५ | |
| १५. | पाईरोटेक्नीक कार्टिज सेतो | १६ | |
| १६. | ऐ.को कार्टिज हरियो | २१ | |
| १७. | ऐ.को कार्टिज रातो | २५ | |
| १८. | M203 को एच.ई. गृनेड गोटा | २० | |
| १९. | ऐ.को लो भ्यालोसिटी गृनेड गोटा | २६ | |
| २०. | जि.पि.एम.जि.को लिङ्गस गोटा | १६६९ | |
| २१. | एसल्ट ब्रष्टर माईन सेट | ४० | |
| २२. | AP माईन गोटा | ३५ | |
| २३. | TNT गोटा | ६० | |
| २४. | डेटोनेटर गोटा | ६५ | |
| २५. | डेटकर्ड मिटर | ३०० | |
| २६. | पि.ई.के कि.ग्रा. | १५ | |
| २७. | नं. २७ डेटोनेटर गोटा | ६५ | |
| २८. | सेफ्टी फ्युज मिटर | १५० | |

# खाराको युद्ध

भौगोलिक दृष्टिकोणले अति नै विकट रुकुम जिल्ला विकासको दृष्टिकोणले पनि पछौटे अवस्थामा रहेको छ । सरल जनजीवन अशिक्षित र सोझा मगर जनसमुदायको बाहुल्यता रहेको रोल्पा र रुकुम जिल्लाका जनताहरुलाई विभीन्न सपनाहरु बाडेर माओवादी[1] नेतृत्वले आफ्नो व्यक्तिगत र समुहगत स्वार्थको लागि उपयोग गर्न सकिने देखेर जनयुद्धको नाममा विद्रोही[२] गतिविधिहरु रुकुम र रोल्पा जिल्लाका दुर्गम स्थानहरुबाट नै प्रारम्भ गरेका थिए । सुखद भविष्यको आशा राखेर प्रारम्भमा गरिब र पिछडिएका जनताहरुले माओवादीबाट निकै आशा राखेका थिए ।

माओवादीहरुले २०४७ सालमा रुकुम जिल्लाको सदरमुकाम खलंगामा सस्कृतिक कार्यक्रम गरी सो कार्यक्रममा स्वर्गवासी श्री ५ महाराजाधिराज[३] वीरेन्द्र वीर बिक्रम शाहदेव र श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको फोटो जलाई पहिलो पटक सार्वजनिक रुपमा विद्रोही गतिविधि संचालन गरेको थिए । २०५२ सालबाट माओवादीहरुले जनयुद्धको घोषणा गरी बिध्वसांत्मक तथा आक्रामक कारबाही शुरु गरेका थिए । तत्पश्चात माओवादीहरुले रुकुम जिल्लामा रहेका विभिन्न प्रहरी चौकीहरुमा हमला गरी ठुलो धनजनको क्षति समेत पुऱ्याएका थिए ।

२०५९ साल जेष्ट १३ गते विद्रोहीहरुले रुकुम जिल्लाको “खारा” सुरक्षा बेशमा केन्द्रिकृत आक्रमणको असफल प्रयास गरेका थिए । सो घटनामा श्री फष्टरैफल गणको सशक्त प्रतिकार पछि माओवादी विद्रोहीहरुले भारी क्षति व्यहोर्न परेको थियो । माओवादीहरुले आफुहरु रणनैतिक प्रत्याक्रमणको चरणमा पुगेको र सो चरण प्रारम्भको पहिलो कारबाहि पनि रुकुमबाट नै गर्ने उद्येश्यले फेरी पनि मिति २०६१/१२/२५ गते खारा स्थित श्री भैरवीदल गण “ख” गुल्म रहेको सुरक्षा बेशमा सशक्त र बहादुरीपुर्ण

[1] यस समिक्षामा प्रयोग हुने “माओवादी” शब्दले बिस्तृत शान्ति सम्झौता हुनु अघि युद्धकालीन माओवादी पार्टिलाई संबोधन गर्ने छ ।

[2] विद्रोही शब्दले विस्तृत शान्ति सम्झौता हुनु अगाडि श्री ५ को सरकारले घोषणा गरेको काललाई संवोधन गर्दछ ।

[3] श्री ५ महाराजाधिराज, श्री ५ वडामहारानी, श्री ५ भन्नाले नेपालमा राजतन्त्र भएको काललाई संवोधन गर्दछ ।

प्रतिकार पश्चात माओवादीहरुले ठुलो क्षति व्यहोर्नु पऱ्यो । नेपाली सेनाले “आई लाग्ने” माथि प्रहार गरेको यो जोडदार मुक्काले माओवादी संगठन नै ढलमलको स्थितीमा पुगेको थियो ।

नेपालको मध्य पश्चिमाञ्चल बिकास क्षेत्रको राप्ती अंचल, रुकुम जिल्ला मुरु गा.वि.स.वडा नं. २ स्थित ५०५८ फिटको उचाईमा उत्तर पश्चिम र दक्षिण पूर्व तर्फ साघुरिएको तथा उत्तर पूर्वबाट दक्षिण पश्चिम ४०० मिटर सम्म लाम्चो आकार फैलिएको स्थानमा खाराको सुरक्षा बेश अवस्थित छ । खाराको पूर्वमा सिमरुत, पश्चिममा झुलनेटा, उत्तरमा मुरु र दक्षिणमा दलसिंह पर्दछ भने सदरमुकाम मुसिकोटबाट खारा ५ कोश पश्चिम छ । खारा सुरक्षा बेश झुलनेटाबाट सिमरुत तर्फ घट्दै गएको Slope को दोश्रो Plateau मा अवस्थित छ ।

खारा रुकुम जिल्लाको माओवादी प्रभावित क्षेत्रको दृष्टिकोणले अति नै संवेदनशिल गा.वि.स. तथा उनीहरुको बिशेष आधार क्षेत्र भित्र पदथ्यो । अशिक्षा, गरिबि, तथा उनिहरुको बिशेष आधार क्षेत्र भित्र पर्दछ । अशिक्षा, गरिबि, बेरोजगार, विकास निर्माणको अभाव यस क्षेत्रको बिशेषताको रुपमा लिन सकिन्छ ।

**माओवादीहरुले खारामा हमला गर्नका संभावित कारणहरुः**

(क) रुकुम र रोल्पा जिल्लामा माओवादीहरुको बलियो जनआधार भएको विश्वास जसले गर्दा उनीहरुलाई सबै किसिमको आवश्यक सहयोग जुट्न सरल हुने ।

(ख) सेनाको खारा सुरक्षा बेश एक्लिएको र तुरुन्त सपोर्ट गर्न अप्ठ्यारो ।

(ग) उक्त सुरक्षा बेशमा २५०–३०० जना मात्र सुरक्षा फौज तैनाथ भएको अनुमान ।

(घ) एक पटक हमला गरी सकेको र भुगोलसंग परिचित भएको ।

(ङ) केन्द्रिय समितिबाट उक्त सुरक्षा बेश हमला गर्न निर्णय भएको ।

(च) जसरी र जतिदिन लड्नु परेपनि सो ईलाका नलिई नछाड्ने प्रतिबद्धता ।

(छ) पहिला मार खाएकोले त्यसको बदला लिने भावना ।

(ज) खारा आक्रमणको महत्व बारे प्रचण्डले निम्न कुराहरु व्यक्ति गरेका थिए:

(१) Golden Chance छ । October क्रान्तिको संभावना पनि छ ।

(२) यो सफल भएमा हाम्रो विजय अभियान शुरु हुने छ ।

(३) यो Point मा हामि लगायत म आफैलाई Confidence आएको छ । यो कारबाहि कार्य नैतिक मोर्चा हुदा हुदै पनि रणनैतिक महत्व छ ।

(४) Technical निर्माणमा उनीहरु भन्दा माथि छौ, अब प्रयोगमा के हुन्छ ।

(५) Mobile Warfare लाई Conventional War मा उठाउनु अहिलेको समस्या हो ।

(६) हाम्रो जितले दुश्मनमा ल्याउने बिघटन Qualitative हुने छ ।

(७) ईतिहासलाई बैज्ञानिक ढंगले ५०/१०० बर्ष अघि ल्याउन वा पछि धकल्न सकिन्छ । हाम्रो कारबाही यसै बिन्दुमा छ । Historical Fact मा आधारित सपना देखेको छु ।

(झ) खारा आक्रामण बारे तत्कालीन कमाण्डर नन्द किशोर पुनले प्रकाश पारेका कुराहरु:

(१) ४/५ बर्षको राजनैतिक काम माघ १९ पछि प्राप्त भई सकेको छ र यो राजनीतिको रक्षा र विकासको लागि एउटा त्यतिकै उचाईको सशक्त फौजी कारबाहि जरुरी छ ।

(२) फेरी रणनैतिक प्रत्याक्रमण भनेको पनि आक्रमक र बिजय लहरको अभियान पनि हो ।

(३) अहिलेको अवसर क्रान्तिकारीहरुले छोप्न नसके हामि पछि पर्छौं र अहिलेको ३/४ सयको बलिदानीले हाम्रो हजारौको बलिदानी बचाउने छ ।

(४) आधार ईलाका भित्रबाट गरिने शत्रुको पत्ता साफले भिन्दै महत्वको कार्यनैतिक रणनैतिक अर्थ राख्छ ।

(५) विगतको बिजय अभियान ठकराएको स्थानबाटै हामिले शुरुवात गर्दछौ ।

(६) जनशक्ति, बिचार र योजनामा यो स्तरको केन्द्रिकरण हुदा पनि एउटा आउट पोष्ट लिन नसके हाम्रो अजयता र अमरता मै प्रश्न चिन्ह खडा हुन्छ ।

## माओवादीको उद्धेश्य

माओवादीले गरेको कारबाहि र घटनालाई दृष्टिगत गर्दा माओवादीले निम्न उद्येश्य लिएर खारा स्थित सुरक्षा बेश आक्रमण गरेको हुन सक्ने देखिन्थ्यो:

(क) अत्याधिक शक्ति प्रयोग गरि खारा सुरक्षा बेशलाई कब्जामा लिने र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा आफ्नो शक्ति प्रदर्शन गर्ने ।

(ख) ३ दिनसम्म लडेर भएपनि सुरक्षा बेश कब्जा गर्ने र सो सुरक्षा बेशबाट कब्जा गरिएका हातहतियार तथा एम्युनिशन प्रयोग गरि छोटो अवधिमा नै अर्को सुरक्षा बेशमा हमला गर्ने ।

(ग) खारा स्थित गुल्ममा रहेको एण्टी एयरक्राफ्ट टुईन व्यारोल गन कब्जा गर्ने र सुरक्षा फौजको हवाई कारबाहिलाई बिफल बनाउने ।

## माओवीको फौज

(क) मध्य कमाण्ड अन्तरगत अछाम मंगलसेन 1st बृगेड (1st, 2nd 3rd र STF BN), बासु स्मृति 4th बृगेड (10th र 12th BN) र परिवर्तन स्मृति बृगेड (25th, 26th र 27th BN)

(ख) पश्चिम कमाण्ड अन्तरगत भेरी–कर्णाली 2nd बृगेड (4th 5th र 6th BN), सेती–महाकाली 3rd बृगेड (7th, 8th 9th र 21st BN), र बहुवीर योद्धा स्मृति 8th बृगेड (22nd, 33rd र 24th BN) ।

उक्त कारबाहिमा लगभग २००० छापामार, २००० मिलिशिया र २००० अन्य कार्यकर्ता तथा सर्वसाधारण गाउलेहरु गरी लगभग ६००० फौज एकत्रित भएको बुझिन्छ ।

कारबाहिमा भाग लिने मुख्य मुख्य कमाण्डरहरु निम्न अनुसार थिए:

(क) पासाङ्ग – नन्द किशोर पुन (मध्य डिभिजन कमाण्डर)

(ख) प्रभाकर – जनार्दन शर्मा (पश्चिम डिभिजन कमाण्डर)

(ग) कुवेर – वहुविर योद्धा आठौ बृगेड कमाण्डर

(घ) जिवन – सेती–महाकाली तेश्रो बृगेड कमाण्डर

(ङ) विप्लब – नेत्र विकास चन्द (मध्य कमाण्ड अन्तरगत बिशेष क्षेत्रिय ब्युरो ईन्चार्ज)

(च) एटम – भेरी कर्णाली सेकेण्ड बृगेड कमाण्डर

(छ) बरुण – मध्य कमाण्ड भाईस कमाण्डर

(ज) मदन – नबौ बृगेड कमाण्डर

(झ) प्रतिक्षा – बासु स्मृति चौथो बृगेड कमाण्डर

(ञ) विवेक – अछ्राम–मंगलसेन फष्ट बृगेड कमाण्डर

## माओवादीले प्रयोग गरेको हतियार तथा गोलिगट्ठा

माओवादीले उक्त आक्रमणमा ८१ मि.मि.मोर्टार, जि.पि.एम.जि., २" मोर्टार, अन्य स्मल आर्मस, G1 राईफल, सकेट बम (लगभग ४००० खर्च गरेको) र IED हरु प्रयोग गरेका थिए । मुख्यतया: माओवादीहरुले राईफलद्धारा अत्याधिक मात्रामा सकेट प्रयोग गरेका थिए । साथै नयां नेपाम बम्ब भन्ने निर्माण गरेको तर त्यसले काम नगरेको बुझिएको । हवाईजहाज बिरुद्ध प्रयोग गर्ने TTS हतियार पनि प्रगोगमा ल्याएको बुझिएको । माओवादीहरुको स्मल आमर्स एम्युनिशन ज्यादै न्युन भएको पाईयो, जस्तै: ७.६२ मि.मि. (एस.एल.आर.)को राउण्ड प्रति हतियार ४७ राउण्ड मात्र वितरण गरिएको

बुझिएको (हतियार तथा एम्युनिशनको बिस्तृत विवरण माथि नै उल्लेख गरिएको छ ।

**आक्रमणको तयारी र योजना**

खारा आक्रमणको लागि बासु स्मृति 4th बृगेड गण्डक क्षेत्रबाट रुकुम तर्फ चैत्र १ गतेबाट प्रस्थान गर्न शुरु गरी स्याङ्गजा, पर्वत, गुल्मी, अर्घाखाची, प्युठान, दाङ्ग, रोप्पा हुदै रुकुम/रोल्पा जिल्लाको सिमानमा पर्ने रातामाटे र पाछावाङ्गमा चैत्र २२/२३ गतेको पुगेको देखिन्छ । एडभान्सको दौरान २/४ पटक सुरक्षा फौजको हवाईजहाज तथा ग्राउण्ड टुप्सको उपस्थितीबाट माओवादीहरु तितर वितर भएको बुझिन्छ ।

१४. चैत्र २३ र २४ गते पासाङ्गबाट सबै कमाण्डरलाई (बटालियन कमाण्डरसम्म) ल्यापटप कम्प्युटर र स्याण्डमोडलबाट बिफ्रिङ्ग गरेको यस पश्चात सम्वन्धित बृगेड कमाण्डरहरुले आ–आफ्नो कमाण्डरहरुलाई (कम्पनी कमाण्डरसम्म) ब्रिफ गरी योजना बारे छलफल गरेको बुझिन्छ ।

१५. खारा आक्रमण गर्नु अघि आ–आफ्ना बृगेड सेक्टरबाट एसेम्बली एरिया (लडाईकोलागि जम्मा हुने ठांउ) सम्म हर्कत गर्दा निम्न प्रकृया अपनाएको बुझिन्छः

(क) **माओबादीको मार्चिङ्ग निर्देशिका**

(१) फर्मेशन भन्दा १२ देखी २४ घण्टा अगाडि र पछाडि विभिन्न रुटमा अनिवार्य ईण्ट टोली खटाउने ।

(२) सम्पुर्ण ईन्ट विभाग बृगेडको केन्द्रित योजनामा चल्ने ।

(३) टिम क्याम्पीङ्गमा रहदा बृगेडको योजना अनुसार सेल्टर भन्दा कम्तिमा २ घण्टा भन्दा टाढा सबै नाका र दुस्मन आउने संभावित ठाउहरु (जङ्गल, रोड आदी) क्लीयर गर्ने ।

(४) आफुलाई दिएको टास्क बाहेक अन्य अनावश्यक बिषयमा ईन्टले जानकारी नलिने ।

(५) बिश्रामको लागि हल्ट हुदा अगाडि पछाडिको ट्याक्टीकल प्वाईन्ट कब्जा गर्ने ।

(६) समाचारहरु स्थिती अनुसार गुल्म हे.क्वा., गण हे.क्वा. र बाहिनी हे.क्वा. (Coy HQ, Bn HQ र BDE HQ) ले सुन्ने र रोलकलमा अनिवार्य संप्रेषण गर्ने ।

(७) सेल्टरबाट हिडदा भेला हुने ठाउ (RV) हरु, पासवर्ड, बाटोको समय ट्याक्टीकल प्वाईटहरु, डेन्जर प्वाईन्टहरु, दुस्मनको पोष्टहरु भोलीपल्ट सेल्टरको स्थिती बारे रोलकलमा जानकारी गराउने ।

(८) LMG मा पांच जना सहित एक SLR र १/३० रहने ।

(९) राईफलसंग थप एउटा राईफलमेन हुने र सकेट बमको हरेक बाक्समा २/२ व्यक्ति रहने ।

(१०) २" मोर्टारमा एक SLR सहित ३ जना रहने ।

(११) २/३ के.जी.को माईनमा १ जना र ५/६ के.जी.को माईन भए २ जना रहने ।

(१२) हरेक व्यक्तिसंग ३ वटा ह्याण्ड गृनेड रहने ।

(१३) सबै आर्क क्लीयर गर्ने गरी प्रभावकारी ठाउमा पोष्ट बनाउने ।

(१४) हेलीकप्टर आउदा भागदौड नगर्ने, कभरमा दृष्टि कभर, वा चाल नगरी एकल एकल फैलिएर रहने ।

(१५) प्रभावकारी फायर नहुने भए दुस्मन वा उसको टोलीलाई फायर नगर्ने ।

(ख) **माओवादीको व्यवस्थापन**

(१) स्थानिय संगठन कै पहलमा बृगेडको योजना अनुसार व्यवस्थापन गर्ने ।

(२) मेशमा भिडभाड र हो–हल्ला नगर्ने ।

(३) बेलुकी नै बिहानको, बिहान नै खाजाको, दिउसो नै बेलुकीको प्रबन्ध पक्का र व्यवस्थित ढंगबाट गर्ने ।

(४) मासु हप्ताको ६ (छ) छाक, हरियो सागपात ४ (चार) छाक र गेडागुडी ४ (चार) छाक खुवाउन सकेसम्म प्रयास गर्ने ।

(ग) <u>**जनतासंगको सम्बन्ध**</u>

(१) विगारेको, किनेको, सापटी लिएको, नोक्सान पुऱ्याएको जनताको सामानको मुल्य अनिवार्य तिर्नु पर्ने ।

(२) जनतालाई घुर्क्याउने, जनतासंग झर्कने वा नराम्रो व्यवहार विल्कुल नगर्ने ।

(३) स्थानिय पार्टी र जनतासंग सिष्ट र सभ्य तवरले जनमुक्ति सेनाको गौरव बढ्ने व्यवहार गर्ने ।

(४) ह्यापण्ड सेट गुल्म मा १/१, गण मा १/१,बृगेडमा ४ र ईन्टमा ६ वटा राख्ने (एउटा बृगेडमा २२ वटा ह्यापण्ड सेट रहने गरेको) ।

**खारा आक्रमण योजना:**

(क) आक्रमण गर्ने मुख्य जिम्मेवारी मध्य कमाण्डको र सपोर्ट गर्ने पश्चिम कमाण्ड ।

(ख) कहिले सहि कहिले झुक्याउने मात्र गरी हमला गर्ने ।

(ग) अघिल्लो रात त्यहा र वरिपरि सबै Point मा झुक्याउने हमला False Attack गर्ने ।

(घ) Position र हतियारको एक्युरेट प्रयोग गर्नलाई त्यसको प्राक्टीस गर्ने ।

(ङ) सेनाको Artillery र Support Arms को Position Expose गराउने ।

(च) सकेसम्म दिउसैबाट Attack गर्ने ।

(छ) All round attack नगरी केन्द्रिकृत र पेनिट्रेट गर्ने हिसाबले Force केन्द्रित गर्ने अन्य ठाउबाट डेलिबरेट attack गर्ने र मुख्यत: एसल्टहरु ३ कमाण्डमा केन्द्रित गर्ने ।

(ज) ५ फेजमा एसल्ट गराउने, 1st र 2nd Assault, Wire Obstacle मा र त्यसको पछाडि पुग्ने । मद्दती हतियारले Fire सपोर्ट दिने ।

(झ) पहिला (१९३० बजेबाट) Artillery बाट Shelling गरी सकेपछि मात्र हमलामा जाने ।

(ञ) भद्रगोल तरिकाले पछाडी नहट्ने र Retreat नगरी, भुगोल Hold गरी राखी ३ ठाउबाट Retreat हुने । सकेसम्म भुगोल Hold गरी राख्ने ।

(ट) कब्जा पछि सपोर्टमा आउने फोर्सलाई पून: प्रहार गर्ने र पून: उत्कर्ष तर्फ बढ्ने ।

(ठ) पोष्ट कब्जा गर्न जतिदिन लागेपनि नछाड्ने, कब्जा गरी छाड्ने । दुस्मनको घेराउ गर्न आउने फोर्सको घेराउ पनि तोडि तुरुन्त अर्को पोष्ट आक्रमण गर्ने ।

(ड) तार काट्नेले तार काट्ने, हल्लीखल्ली नगर्ने, औजार र बोराको प्रयोग गर्दै ट्रेन्च खनी अगाडि बढ्ने ।

**सेनालाई प्राप्त माओवादीका खबरहरु**

(क) जाजरकोटबाट चौरजहारी हुदै चैत्र १४ गते दलसिङ्गबाट रोल्पाको पाखा पानी तर्फ लागेको भनी सदरमुकाम स्थित गुल्मबाट जानकारी प्राप्त भएको ।

(ख) स्थानिय जनताको भनाई दार्माकोट, सल्यानको खरीबोट र बाफुखोला ईलाकामा केही माओवादी हतियारधारीहरु भएको जानकारी प्राप्त भएको ।

(ग) चैत्र २३ गते सल्यानको खरीबोट र २४ गते बाङ्गे लाकुरी सिमखोली ईलाकाबाट स्थानिय जनताहरु लगेको भन्ने बुझिन आएको ।

(घ) चैत्र २५ गते भैरवी दल गण हे.क्वा. बोहरा गांउ र सदरमुकाम स्थित गुल्मको गुल्मपतिबाट आज राप्ती अंचलको कुनै पनि स्थानमा माओवादीले आक्रमण गर्ने बढी सम्भावना खारामा छ भन्ने खबर प्राप्त भएको ।

(ङ) चैत्र २५ गतेको १५३० बजेतिर स्थानिय जनताले आज माओवादीले खारा पोष्ट नै आक्रमण गर्छ भनी जानकारी गराएको ।

(च) गुल्मबाट गएको Clearance Patrol ले १७४५ बजे गुल्मको लोकेशनबाट ३.५ कि.मि.पश्चिम तर्फको हेलिप्याडबाट १२/१५ सय हतियारधारी माओवादीहरु ब्यारेक तर्फ आएको खबर गरेको ।

(छ) माओवादीको कर्डलेस टेलिफोन मोनिटरबाट उक्त दिन आक्रमण गर्ने भन्ने कुरा खुल्न आएको ।

**सेनाको सुरक्षा व्यवस्था (डिफेन्स)**

(क) श्री भैरवीदल गणबाट सेनानीको कमाण्डमा निम्न फौज रहेको:

(१) भैरवीदल गणबाट (युनिफाईड प्रहरी २५ समेत) – १/१५९

(२) सल्यान मुसीकोट सडकनिमार्ण गणबाट सेनानी १ समेत–४

(३) नं. ४ ह.सु.व्याट्रिबाट अट्याच – ३

(ख) उपरोक्त अनुसार जम्मा संख्या – १/१६६

**हतियार तथा एम्युनिशन**

(क) **मद्धती हतियार**

(१) ८१ मि.मि.मोर्टार–१

(२) जि.पि.एम.जि. –२

(३) १४.५ ह.सु.गन (Air defence Gun) –१

(ख) अन्य व्यक्तिगत हतियारहरु

**युद्ध**

(क) चैत्र २५ गते ००१५ बजे तिर माओवादीहरु एसेम्बली एरियाबाट फाईनल भेला हुने ठाउ (RV) बाफुखोला तर्फ (खारा भन्दा ५ कि.मि.दक्षिण) फौजहरु एडभान्स गरेको ।

(ख) लगभग विहान ०४०० बजेतिर फाईनल RV मा पुगि अन्तिम तयारी गरेको ।

(ग) १५०० बजे तिर फौजलाई हिड्न निर्देशन दिएको र Coy VC समेतलाई कमाण्डरले डाडा माथि लगेर दुरविनले खाराको सुरक्षा बेश देखाई अन्तिम योजना तय गरेको ।

(घ) चैत्र २५ गते बिहिबार दिनको १५०० बजे खारा ब्यारेकको पश्चिम ३ कि.मि.मा पर्ने कामीडाडामा सेनाको गुल्मबाट Observation Post (OP) गएको ।

(ङ) माओवादीहरु १७०० बजे तिर जंगलको खोल्सै खोल्सा खारा तर्फ बढेको ।

(च) उक्त OP ले अन्दाजी १८०० बजे खाराबाट करिब ४ कि.मि. दक्षिण पश्चिम रुकुम र सल्यान जिल्लाको सिमानामा पर्ने खौला ईलाकाबाट करिब ५/६ सय जनाको समुहमा माओवादी आतंककारीहरु ब्यारेक तर्फ बढेको देखेको ।

(छ) OP ले त्यसै स्थानबाट MINIMI बाट फायर गरी करिब आधा अण्टा डिले गरको र OP बेशमा Withdrawal गर्ने क्रममा र खारा सुरक्षा बेशबाट माओवादीहरु एकत्रित भएको ईलाकामा ८१ मि.मि.मोर्टार फायर गरेको ।

(ज) OP बाट उक्त खबर प्राप्त हुनासाथ १८३० बजेबाट बेशमा भएका सम्पुर्ण सकलदर्जाहरु स्टाण्ड टु मा गई आवश्यक तयारी गरेको ।

(झ) १८३० बजे माओवादीहरुले सुकिदहको जंगलबाट (ब्यारेकबाट दक्षिण करिब ४ कि.मि.बाट) ८१ मि.मि.बाट स्मोक बम फायर गरेको ।

(ञ) तत्पश्चात हरेक १० मिनेटमा सोही स्थानबाट ८१ मि.मि.मोर्टरबाट फायर गरेको ।

(ट) करिब १९३० बजे ब्यारेकको दक्षिण पश्चिम ५०० मिटर गिद्धेडाडाबाट सपोटिङ्ग फायर शुरु गरेको ।

(ठ) ८१ मि.मि.मोर्टार तथा जि.पि.एम.जि.को फायर सपोर्टमा २००० बजे माओवादीहरुको 1st र 2nd Assault Group ब्यारेक तर्फ बढेको ।

(ड) गुल्मका सकल दर्जाहरुबाट पनि सोही समयबाट जवाफि फायर शुरु गरेको ।

(ढ) रातको २२०० बजेबाट माओवादीहरुले खुम्चेरी स्थित ८१ मि.मि. मोर्टारबाट फायर बन्द गरी खौला हेलिप्याड ईलाकाबाट ८१ मि.मि. मोर्टारबाट फायर शुरु गरेको ।

(ण) माओवादीहरुले जि.एफ.राईफल, २" मोर्टार, जि.पि.एम.जि., एल.एम.जि., गलिल र अन्य हतियारहरुबाट अत्याधिक फायर गरेको ।

(त) गुल्मका सकल दर्जाहरुबाट पनि त्यतिकै सशक्त रुपमा प्रतिकार भईरहेको ।

(थ) रातको २२३० बजे माओवादी विद्रोहीहरुले ब्यारेक वरिपरि आगो लगाएको ।

(द) माओवादीहरुको 3rd Assault लाई अगाडि बढाउन खोज्दा तार्गेट फेला नपरेको ।

(ध) कारबाहि कमिशार कृष्ण बहादुर महराबाट एफ.एम.मा बक्तब्य जारी गरी बेशको केही बंकरहरु कब्जामा लिएको हल्ला फिजाएको ।

(न) करिब ००३० बजे हेली सपोर्ट आएको र आधा घण्टा तोराबोरा खसाली फिर्ता भएको ।

(प) ०१०० बजे तिर ब्यारेकको पश्चिम नं.१ गेटको बाया तर्फबाट माओवादीहरुद्धारा एसल्टको प्रयास भएको । सो क्रममा वायर अब्सटेकल बृच गरी ट्रेन्च खन्दै अगाडि बढेको । सकल दर्जाहरुले सर्ट रेन्ज हतियार र गृनेडको प्रयोग गरी सशक्त प्रतिकार गरेपछि माओवादीहरु अगाडि बढ्न नसकेको ।

(फ) ०२१५ बजे तिर अर्को हेली सपोर्ट आई करिब ४५ मिनेट मेशिन गन र तोराबोराको फायर सपोर्ट दिई फिर्ता भएको ।

(ब) ०३०० बजेतिर माओवादीहरुले ब्यारेकको उत्तर पुर्वी दिशाबाट २" मोर्टार, जि.एफ.राईफल र अन्य स्मल आमर्स हतियारबाट अत्याधिक फायर पावर प्रयोग गरी एसल्ट गर्ने प्रयास गरेको । एसल्ट गर्ने क्रममा पेरिमिटरको तार काटी ट्रेन्च खन्दै सोही ट्रेन्चको माटो बोरामा हाली आडको प्रयोग गर्दै अगाडि बढेको ।

(भ) सकल दर्जाहरुको उच्च हौसला र वीरतापूर्वक समन्वयात्मक प्रतिकार पछि माओवादीहरु पछाडि हट्न बाध्य भएको ।

(म) गण हे.क्वा.बाट खारा सुरक्षा बेश तर्फ बिहान ०४०० बजे मुभ भएको थप फौजलाई माओवादीहरुले बैरागीठाटी ईलाकामा एम्बुस थापि अगाडि बढ्न नदिएको

(य) भोलीपल्ट २६ गते बिहान ०६३० बजेसम्म दोहोरो फायरिङ्ग भई रहेको र ०९०० बजेसम्म माओवादीहरुले फायर सपोर्ट दिई घाईते, मृतक तथा हतियारहरु पछाडि हटाउने कार्य गरको ।

(र) २६ गतेको बिहान १००० बजे रि–ईन्पोर्समेन्टको लागि आएको हेलिकप्टरलाई वरिपरिको डाडा तथा खोल्साहरुमा लुकेर बसेका माओवादीहरुले फायर गरी थप फौज आउनमा अवरोध खडा गरेको । उक्त क्रममा सुरक्षा फौजको २ वटा MI-17 हेलिकप्टरमा केही गोली लागेको ।

(ल) २६ गतेको बिहानको १०३० बजे सर्चको लागि निस्कीएको पट्रोल माथि व्यारेकको ५०० गज पश्चिम गिद्धेडाडामा ट्रेन्च खनी लुकेर बसेका आतंककारीहरुले फायर खोलेको र सो पट्रोल टोलीले फायर एण्ड मुभ गर्दै अगाडि बढेपछि मात्र माओवादीहरु स्थानबाट पछाडि हटेको ।

(व) १३०० बजे मात्र रि–ईन्फोर्शमेण्टको लागि लान्सरको फायर सपोर्टमा MI-17 हेलिकप्टरले महावीर गणको १ से.मु.ड्रप गर्न सफल भएको । उक्त टोलीले वरिपरिको एरिया क्लीयर गरेपछि मात्र थप अरु फौजहरु तैनाथ भएको ।

(श) खाना खाएर पून: बेलुका आक्रमण गर्न हतियार र Assault लाई तयार गर्दा गर्दै २/४ पटक असफल भएर पनि अन्तत: हेलिकप्टरबाट १५० भन्दा बढी फोर्श थप्न सफल भएपछि आतंककारीहरु दलसिंह डाडा तर्फ लागेको ।

**माओवादीको युध्दकला र बन्दोबस्ती**

(क) आक्रमणको सुरुमा ८१ मि.मि.मोर्टर र जि.पि.एम.जि.हतियारहरुबाट फायर गरी सुरक्षा फौजको एम्युनिशन खर्च गराउने र ०३०० बजेबाट मुख्य एसल्ट गरेको ।

(ख) जुन दिशाबाट फायर सपोर्ट दिएको छ सोही दिशाबाट एसल्ट गर्न प्रयास गर्ने तर वास्तविक एसल्ट सपोर्ट फायर दिएको विपरित दिशाबाट गरेको । २/३ दिशाबाट हमला गर्ने योजना बनाई आउने र एकतफर्तबाट बिफल भएमा अर्को तर्फबाट हमला गर्न कोशिस गर्ने । हमलाको दिशा बदली गर्दा सिठ्ठी, कोडवर्ड र टर्च लाईटको प्रयोग गरी आवश्यक मानिस त्यसै ठाउमा राखि बाकी मानिसलाई हमला गर्ने दिशा तर्फ लग्ने ।

(ग) छापामार बसेको नजिक भन्दा नजिक पुगी अधिकाश हतियारबाट अधिकांश फायर खोल्ने र त्यस पश्चात स्मल आर्मसको फायर

रोकी अत्याधिक गृनेड फायरीङ राइफल G.F. Rifle बाट सकेट बमबाट व्यारेक हाता भित्र रहेको सबै पोष्टहरुमा फायर गरेको ।

(घ) G.F. Rifle बाट गुल्मपतिको कमाण्ड पोष्ट, सिग्नल केन्द्र, सर्पोटिङ्ग हतियारको पोष्टहरु (८१ मि.मि., जि.पि.एम.जि. र १४.५ एन्टि एयरक्राफ्ट टुईन व्यारल) मा लगातार फायर गरेको ।

(ङ) Wire Obstacle को नजिक आउदा प्राकृतिक आड भएको ठाउमा सो आडको प्रयोग गरेको । आड नभएको ठाउमा बोरामा माटो भरी सो को प्रयोग गरी फायर सपोर्ट दिदै २ फिट गहिराईको क्रल ट्रेन्च खनी अगाडि बढी Wire Obstacle को नजिक उपयुक्त ठाउमा पुग्ने र स्याण्ड व्यागको आडबाट फायर सपोर्ट दिई बाकी छापामारहरु सोही क्रल ट्रेन्चको प्रयोग गरी अगाडि बढ्ने गरेको ।

(च) व्यारेकको पेरिमिटर वरिपरि बिच्छ्याईएको IED पत्ता लगाउनको लागि फलामको ईम्प्रोभाईज्ड अंकुशहरु बनाई Wire Obstacle पत्ता लगाएर काट्ने गरेको । पेरिमिटर नजिक आएको टोलीले पेरिमिटरमा लगाएको तारहरु Breach गर्न Bangalore Torpedo र Wire Cutter को प्रयोग गरेको । Wire Cutter को प्रयोग गरी भित्र घुस्दा एउटाले तार काटि भित्र पसी सकेपछि सबैले सोही बाटोको प्रयोग गरी भित्र घुसी एसल्ट फरर्मेशनमा फैलिएको ।

(छ) व्यारेक वरिपरि आगो लगाई पेरिमिटरमा लगाईएका माईन तथा IED हरु बर्बाद गरेको ।

(ज) पेरिमिटरमा लगाएको आगोको उज्यालोबाट पोष्टहरुको पहिचान गरि फायर गरेको ।

(झ) व्यारेकमा सप्लाई भएको पानीको पाईप लाईनहरु पुरै क्षत–बिक्षत गरी पानी आपुर्ति बन्द गरेको ।

(ञ) कमाण्ड कन्ट्रोल: मुख्य मुख्य कमाण्डरहरु बिच रेडियो सेट, कर्डलेस टेलिफोन र बाकी तल्लो तहका कमाण्डरसंग सिट्ठी र

टर्च लाईटको ईसाराको साथै मौखिक रुपमा कोडवर्डहरुको प्रयोग गरी कमाण्ड कन्ट्रोल गर्ने गरेको ।

(ट) <u>मनोवल</u>

(१) माओवादीहरुको मोराल आक्रमण गर्ने समय सम्म उच्च भएको ।

(२) आक्रमणको समय आफ्नो जति नोक्सानी सहेर पनि लड्न दृढ संकल्पका साथ रहेको ।

(३) केही माओवादीहरु बाहेक अन्य आफ्नो पार्टि प्रति धेरै समर्पित भएको । मिति २०६१/१२/२६ गते गुल्म पोष्टबाट करिब ४५० गजको रेन्जमा ०८३० बजेसम्म ट्रेन्च खन्दै गरेका थिए । सुरक्षा फौजबाट फायर हुदा आड लिने र बन्द भएपछि खन्न शुरु गर्ने गरेको । उनिहरु २” मोर्टारको फायरबाट मात्र भागेका थिए ।

(ठ) <u>लिडरसिप</u>: आक्रमणमा खट्टिएको माओवादीको नेतृत्व राम्रो पाईयो । शुरु देखी अन्तसम्म सबै कामहरु तोकेको ईसारामा सुचारु रुपले गरेको देखियो ।

(ड) <u>बन्दोबस्ती</u>:

(१) हमला गर्न आउनु भन्दा अगाडि भैसी र गाई काटी खाने र ड्राई राशनको रुपमा चिउरा, पिठो, बिस्कुट र चाउचाउ बोक्ने गरेको ।

(२) केही व्यक्तिले स्लीपिङ्ग व्याग र एकजोर सिभिल कपडा साथमा नै बोकेको ।

(३) आवश्यक एम्युनिशन, सकेट र घाईते बिरामी बोक्नको लागि डोको र बासको प्रयोग गरेको ।

(४) ३ वटा स्थानमा रेजिमेन्टल एड पोष्ट (आर.ए.पि.) खडा र घाईते बिरामीलाई आर.ए.पि.मा लगि उपचार गरी पछाडी हटाउने गरेको ।

(५) मरेका लासहरुलाई डोको र बासमा बोकेर लैजान स्थानिय जनताहरुलाई प्रायेग गरेको ।

(ढ) आक्रमण पश्चात सुरक्षा फोजले हेली ड्रप गरी ब्लकिङ्ग गर्न सक्ने एप्रोचहरुमा पर्ने संभावित हेलिप्याडहरुमा २/३ दिन अगाडि नै बासको किला गाडेको ।

(ण) आक्रमणको भोली पल्ट पनि वरिपरि नै माओवदीहरु लुकेर बसी रि–ईन्फोर्समेन्ट तथा रि–सप्लाईको लागि आउने हेलिकप्टरहरुलाई थप फौज ड्रप गर्न नदिन पुनः दोश्रो दिनमा हमला गर्ने योजना रहेको ।

(त) गण हे.क्वा. बाट जान सक्ने थप मद्धतलाई ब्लक गर्न गण हे.क्वा.देखी खारा सुरक्षा गुल्मसम्मको बाटोमा एम्बुस थापेको ।

(थ) माओवादीहरुसंग ८१ मि.मि. लगायत अन्य हतियारको एम्युनिशन पनि पर्याप्त मात्रामा नभएको अनुमान गरिएको ।

(द) लङ्ग रेञ्जबाट फायर गर्ने हतियारहरुमा फायरको तालिमको कमिले त्यति असरदार नभएको । अन्य हतियारहरुबाट सिस्ता लिएर फायर गर्न नमिलेको र एम्युनिशनको पनि कमि भएको । उनीहरुको २" मोर्टार र गृनेड फायरिङ्ग (G.F.) राईफलको फायर (सकेट बम) बढि असरदार भएको ।

## सेनाको जवाफी हमला

(क) डिफेन्समा लड्ने तरिका

(१) पुरै डिफेन्स ईलाकालाई ३ सेक्टरमा बिभाजन गरिएको र हरेक सेक्टरमा से.मु.पतिहरु तोकिएको ।

(२) भिरालो जमिनमा फायर गर्दा असरदार नहुने हुंदा आफ्नो पोष्ट अगाडि फायर नगरी दाया बायाको पोष्टमा दविएको जमीनमा (Enfilade) फायर गर्ने व्यवस्था मिलाईएको ।

(३) बिल्लादारले आवश्यक नपरी हतियारको फायर नगर्ने र जवानहरुलाई गृनेड फायर नगर्न निर्देशन दिईएको ।

(४) गृनेड फायर गर्दा मितव्ययीतालाई ध्यानमा राखि एउटा गृनेड फायर गरेपछि पोष्टमा राखेको ३/४ ओटा ढुङ्गा फाली आवश्यकता अनुसार गृनेड फायर गर्न व्यवस्था मिलाईएको ।

(ख) कमाण्ड कन्ट्रोल

(१) सेक्टर सेक्टरमा से.मु.पति (Platoon Commander) र से.मु.टु.आई.सी.लाई तोकिएको ।

(२) गुल्मपतिसंग सबै सेक्टरको से.मु.पतिको केनउड सेटद्धारा मिलाप गर्ने व्यवस्था मिलाईएको ।

(३) सेक्टरको पत्ति पति (Section Commander) र पत्ति टु.आई.सी.लाई ६/७ जना जवानको जिम्मा लगाएको ।

(४) गुल्मपति र सर्पोटीङ्ग आर्मसको कमाण्डर बिच रनरद्धारा खबर आदान प्रदान गर्ने व्यवस्था मिलाईएको । जसले गर्दा कमाण्ड कन्ट्रोल गर्न सजिलो भएको ।

(५) रि–एडजस्टमेन्टको लागि सेक्टर सेक्टरमा ६/७ जना र गुल्म रिजर्भमा १५ जना राखिएको । सकेटको फायरबाट बढी घाईते बिरामी भएपछि रिजर्भबाट घाईतेको ठाउ पुर्ताल गर्न नपुग भए कम थ्रेट भएको स्थानबाट पुर्ताल गरिएको ।

युनिफाईड प्रहरीलाई पनि M-16 हतियारबाट फायर गर्न तालिम गराई सकिएको हुदा कोही घाईते भएमा उसको M-16 हतियारबाट युनिफाईड प्रहरीले प्रयोग गरेको ।

(ग) गोलिगट्ठा आपुर्ति

(१) गोलिगट्ठा आपुर्तिको लागि सेक्टर सेक्टरमा जगेडा एम्युनिशन प्वाईन्ट राखिएको र हरेक मिनिमी हतियारबाट ७०० राउण्डको दरले एम्युनिशन खिचि आवश्यक परेको बेलामा से.मु.पतिको आदेशमा खर्च गर्ने गरी सेक्टरमा नै राखिएको ।

(२) केही राउण्ड २" मोर्टारको बम र गृनेड गुल्मको जगेडामा गुल्म हे.क्वा.मा राखिएको र गुल्मपतिको आदेशमा मात्र खर्च गर्ने व्यवस्था मिलाईएको ।

(३) एम्युनिशन ओसार पसारको लागि फाल्वर्स सहित अन्य ब्यक्तिहरुलाई पहिले नै तोकिएको ।

(घ) उज्यालोको प्रयोग: जेनेरेटरद्धारा बत्तिको व्यवस्था गरिएकोमा सुरु मै सकेटले तारहरु छिनालिदिएकोले बत्तिले काम नदिएको । आवश्यकता अनुसार ह्याण्ड प्यारा फ्लीयर र २" मोर्टरको प्यारा बम प्रयोग गरिएको र हेलिकप्टरलाई ईशारा दिन मेगा लाईट र प्यान्थर लाईट प्रयोग गरिएको ।

(ङ) हेलिकप्टरको प्रयोग

(१) चैत्र २६ गते ००४० बजेदेखी ०४३० बजेसम्म ३ पटक आई तोराबोरा बम र मेशिनगनबाट पनि फायर गरिएको ।

(२) हेलिकप्टरको मुख्य उपलब्धी सुरक्षा फौज तर्फ मनोबल बढ्ने माओवादी तर्फ मनोबल घटी सपोर्ट हतियार लगायत अन्य हतियारबाट फायर कम हुने ।

(३) उक्त समयमा सुरक्षा फौज तर्फको कमि कमजोरी पुर्ताल गर्ने तथा रि–एडजस्ट र एम्युनिशन पुर्ताल गर्न अवसर प्राप्त भएको ।

(च) ८१ मि.मि.मोर्टारको बम खस्दा बम तल झरी रहेको आवाजको आधारमा बंकर भित्र पस्ने र पड्केपछि मात्र बंकरबाट बाहिर आई फायर गरेको ।

(छ) नजिक टक्रिएको सकेट बमलाई खुट्टा तथा हातले टाढा फालेर पनि त्यसको असरबाट बचेको ।

(ज) जुन दिशाबाट बढि थ्रेट आउछ सो दिशामा तुरुन्तै फौज रि–एडजस्टमेन्ट गरेको ।

(झ) राती करिब ०३०० बजेबाट माओवादीहरुले व्यारेकको उत्तर पुर्वी ईलाकाबाट गरेको एसल्टलाई बिफल बनाउन सशक्त प्रतिकार गरेको ।

(ञ) प्रत्येक व्यक्तिहरुले हरेक १०/१० मिनेटमा फायरिङ्ग पोजिशन चेन्ज गरेको ।

(ट) फायर कन्ट्रोलको लागि एक पोष्टबाट अर्को पोष्ट गरी लगातार सबै पोष्टहरुमा “फायर कन्ट्रोल” भनी कराएर पास गरेको ।

(ठ) बिहान उज्यालो भएपछि पनि बिथड्रलको क्रममा देखिएका माओवादीहरुलाई फायर गरेको ।

(ड) सकल दर्जाहरुको मोराल अभिबृद्धिको लागि “जय भैरवी” भनी कराएर गृनेड, २” मोर्टार र ८१ मि.मि.मोर्टार फायर गर्ने गरेको ।

(ढ) ८१ एम.एम.को प्रयोग

(१) गुल्ममा ८१ एम.एम.गोटा १ भएको । मोर्टार पिट बनाई फाइरिङ्ग पोजिशनमा तयार गरि राखिएको ।

(२) ८१ एम.एम., जि.पि.एम.जी.को अल्टरनेटिभ पोजिशन तयार गरिएको र रिहर्सल पनि गर्ने गरिएको ।

(३) संभावित टार्गेटहरु दर्ता गरिएको । नजिक, दर्ता नभएको तार्गेटमा अचानक माओवादीहरु देखा परेमा अनुमानको भरमा फायर गरिएको र केही राउण्ड फायर गरि सकेपछि ब्यारल सफा गरिएको ।

(ण) सेक्टर कमाण्डरहरुको गाईड लाईन अनुसार पेरिमिटर नजिकै ८१ मि.मि.मोर्टर तथा २" मोर्टार फायर गरेको ।

(त) २" मोर्टारको प्रयोग

(१) गुल्ममा २" मोर्टार ३ वटा भएको ।

(२) ३ सेक्टरमा आवश्यक एम्युनिशन सहित एक एक वटा २" मोर्टार तैनाथ गरिएको ।

(३) फायर तोकी संभावित टार्गेटहरुमा D.F Depth र D.F Close Task तोकी टाक्स र D.F.(S.O.S.) टाक्स सानो बासको पातोमा भित्र तर्फ सेतो इनामेल लागाई रेन्ज र सिधाई कायम गरिएको ।

(४) २" मोर्टरको फायर धेरै असरदार भएको । जगेडा फायरिङ्ग पिन नभएको हुदां केही समस्या परेको ।

(थ) ह्याण्ड गृनेडको प्रयोग

(१) नं. ३६ ह्याण्ड गृनेड १६१ र प्लाष्टिक गृनेड गोटा–४९४ गरि जम्मा गुल्ममा ६५५ गृनेड भएको ।

(२) सेक्टर रिजर्भ र गुल्म रिजर्भ छुट्टाई बाकी आवश्यकता अनुसार हरेक पोष्टमा वितरण गरिएको साथै सबै पोष्टमा सानो ढुङ्गाहरु थुपारिएको । गृनेड कमाण्डरलाई मात्र फायर गर्न निर्देशन दिएको ।

(३) आवश्यक परेमा एक गृनेड फाली तिन चार ढुङ्गा फालेर मात्र गृनेड फाल्न मिलाईएको । नजिक मुडभेट भएको हुदां गृनेडबाट माओवादीहरुको मृत्यु र बढी घाईते भएको ।

(द) IED को प्रयोग

(१) गुल्मको पेरिमिटरमा एन्टी प्रर्शनल माईन गोटा–१३, एसल्ट ब्रष्टर माइन गोटा–१९ र IED (८१ एम.एम.को बम, २” मोर्टर को बम, सकेट बम) गोटा ६० लगाईएको थियो ।

(२) IED को तार आगो लागि तार जलेको हुदा ५० प्रतिशतले मात्र काम दिएको ।

(३) IED तार प्रयोग गर्दा पोलिथिन पाईप भित्र हाली १.५ फिट देखी २ फिट सम्म गाड्नु पर्ने महशुस गरिएको ।

(४) पोष्टको उत्तर पुर्व पेरिमिटर भित्र करिब ५० मिटरको लम्बाईमा गोटा ६ पन्जि तयार गरिएको ।

(ध) पानी

(१) गुल्ममा पानी आपुर्तिको लागि गुल्म लोकेशनबाट पश्चिम २ कि.मि.टाढा कामिडाडाको उत्तर जंगलमा पानी ट्याङ्की बनाई पाईपद्धारा ल्याउने व्यवस्था गरिएको थियो ।

(२) २०६१ बैशाखमा सो ट्याङ्की माओवादीहरुले बम पड्काई क्षतिग्रस्त बनाई दिएका थिए । पछि सोही ठाउमा अण्डर ग्राउण्ड पानी ट्याङ्की बनाई गुल्ममा पानी ल्याएको ।

(३) मिति २०६१ चैत्र २५ गते माओवादी विद्रोहीहरु खारा सुरक्षा बेशमा आक्रमण गर्न आउदा पानीको पाईप काटी गुल्ममा आउने पानी बन्द गरि दिएका थिए ।

(४) सेक्टर सेक्टर र हरक ट्रेन्चमा दिनमा नै ग्यालनमा पानी राख्ने व्यवस्था मिलाईएको थियो ।

(५) गुल्ममा भएको ६ वटा ठुलो पानी ट्याङ्कीमा आक्रमणको बेला गोली र सकेटको चोईटा लागि सबै पानी बगेर गएको ।

(न) एम्युनिशन

(१) गुल्ममा एम्युनिशन २" मोर्टरको एच.ई.बम ४२४, प्यार ४१, ८१ एम.एम.मोर्टरको राउण्ड एच.ई.२२५, प्यारा १९ र स्मोक ४८ भएको ।

(२) नं. ३६ ह्याण्ड गृनेड १६१, प्लाष्टिक गृनेड ४९४ जम्मा गृनेड ६५५ भएको ।

(३) ५.५६मि.मि. एम १६ को राईफलको राउण्ड १०१९३२, ७.६२ मि.मि.को राउण्ड ६५६८० र ९ एम.एम.को राउण्ड १४३१४ भएको ।

(४) :२०३ को गृनेड ४५, १४.५ टुइन व्यारोलको राउण्ड २९३३ रर ४० एम.एम.रकेट लन्चरको राउण्ड ३५ (HEAT) भएको ।

(५) उक्त एम्युशिनहरु व्यक्तिगत हतियारलाई वितरण गरी (एम १६ राइफललाई ५५० राउण्ड, मि.मि.लाई १५०० का दरले) बांकी एम्युशिन सेक्टर सेक्टरमा र गुल्म हे.क्वा.मा रिजर्भ राखिएको ।

(६) एम्युनिशन कम भएको स्थानमा सेक्टरबाट र गुल्म हे.क्वा.बाट एम्युनिशन लान फाल्वर्स र अन्य व्यक्ति तोकि रिहर्सल गरिएको थियो ।

(प) मेडिकल

(१) हरेक सेक्टरमा र गुल्म हे.क्वा.मा घाईतेलाई प्राथमिक उपचार गर्न र राख्न बङ्करमा RAP तयार गरिएको थियो ।

(२) मेडिकल एक मात्र भएको हुदा काममा केही बाधा परेको । फष्ट एडको सामान कम भएको ।

(३) तत्कालिन समस्या समाधानको लागि सिरकको खोल, तन्ना, सिभिल लुगा प्रयोग गरि तत्कालिन समस्या समाधान गरिएको ।

(फ) राशन: ताजा राशन (तरकारी, मासु) बाहेक अन्य राशन चार महिना सम्मलाई पुग्ने राशन ठेकेदारले ल्याई गुल्मको निगरानिमा भित्र ठाउ नभएको हुदा पोष्टको गेट नजिक स्टोरमा राखेको थियो ।

(ब) सिग्नल सेन्टर

(१) गुल्म कमाण्ड पोष्ट नजिक सिग्नल सेन्टर (१८० पौण्ड पाललाई ढुङ्गाको पर्खालले घेरी) राखिएको थियो ।

(२) आक्रमणको समय सुरक्षाको लागि बङ्कर भित्र राखिएको ।

(३) माओवादी आतंककारीहरुको आक्रमणले गर्दा अपरेटर र रेडियो सेट सुरक्षित भए पनि बम र सकेटको टुक्राले बाहिर टागेको एन्टीनामा क्षति पुऱ्याएको ।

(४) तत्कालिन समयमा मिलापको व्यवस्था केनउड सेट मार्फत गण हे.क्वा.मा गरिएको थियो ।

(भ) अन्य

(१) हरेक स्ट्याण्ड पोष्टहरुमा १/१ ग्यालिन पानी र फायर बलको लागि मट्टीतेल र खोका हटाउनको लागि Improvised Rod राखिएको थियो ।

(२) सुरक्षा फौज तर्फको मोराल उच्च थियो । गुल्मपतिबाट समय समयमा मोराल र सहयोगी भावनाको विकास होस भनी दुई मुलमन्त्र गुल्मको सकल दर्जालाई सुनाई कण्ठ पार्न लगाईएको थियो ।

(३) मुलमन्त्र

(कक) नआत्तिने, एम्युशिन जोगाउने, समय लम्ब्याउने ।

(कख) आफु कसरी बाचौ भनी नसोच्ने, साथी कसरी बचाउ भनी सोच्ने, साथीले आफुलाई बचाउछ ।

(कग) उक्त मुलमन्त्रको फायर कन्ट्रोल गर्न सजिलो भएको र नं.२ सेक्टरको १४ नं. पोष्टमा तैनाथ सि.खिप बहादुर

बडुवाल र सि.कृष्ण कोइराला घाईते भई बङ्करमा ल्याई राखिएकोमा केही समयपछि हामी लड्छौ भनी आफ्नो पोष्टमा गई पून: लडेको दुर्भाग्यवस पोष्ट नजिक बम खसी दुवै जनाले विरगती प्राप्त गरेको ।

(४) सानो सानो समुहमा तल्लो तह सम्मको कमाण्डरलाई जिम्मा लगाई अभ्यास समेत गरि कन्ट्रोल गर्ने जिम्मेवारी दिईएको हुदां धैर्यतामा कुनै कमि नआएको ।

(५) बाहिर (कामिडाडा तर्फ) गएको पट्रोल सकुशल व्यारेक भित्र फर्केपछि झन् हौसलामा बृद्धि भएको ।

**सर्चको दौरानमा भएको कारबाहिहरू**

(क) घटना भएको भोलिपल्ट बिहान ०९०० बजेसम्म दोहोरो फायर भई रहेको हुनाले तत्कालै सर्च गर्न नसकेको ।

(ख) बिहान १००० बजे सर्च गर्न बाहिर निस्केको पट्रोल माथि पनि वरिपरि लुकेर बसेको माओवादीहरुले फायर गरेको हुनाले पेरिमिटर नजिक देखिएको हतियारहरु मात्र ल्याईएको ।

(ग) १४०० बजे पहिलो रि–इन्फोर्स टोली ड्रप भई सकेपछि मात्र वरिपरिको एरिया क्लीयर गरी सर्च गरेको ।

**माओवादी तर्फ भएको क्षति**

खारा व्यारेक आक्रमण पश्चात सर्चको क्रममा १४८ जना माओवादी विद्रोहीहरुको लाशहरु बरामद भएको । स्थानिय बासिन्दाहरुको भनाई अनुसार विभिन्न स्थानमा माओवादीहरुले गाडेको र बोकेर लिएको लासहरु ३०० भन्दा बढी भएको र करिब ७०० माओवादीहरु घाईते भएको बुझिएको । माओवादीको डायरीमा भने ६७ मृत्यु र ४९७ घाइते भनेर उल्लेख भएको थियो ।

सो घटनामा माओवादीबाट ए.के–४७ राईफल, गलिल लगायत जम्मा ३४ थान विभिन्न हतियारहरु बरामद भएको । माओवादीले प्रयोग गरेको एउटा ८१ मि.मि. मोर्टार सुरक्षा फौजको काउण्टरमा मोर्टर फायरमा परि

केही क्षति भएको बुझिएको । काउण्टर मोर्टर फायरमा परि २ जना मोर्टरमा रहेका माओवादीको घटनास्थलमा नै मृत्यु भएको र मोर्टरको लाईट तथा अन्य भागका केही स–साना टुक्राहरु उक्त स्थानमा भेटिएको । सर्चको दौरान बरामद भएका विभिन्न दस्तावेज तथा कागजात र फायरको मात्राको आधारमा माओवादीहरुले फायर गरेका विभिन्न एम्युनिशन तथा IED को अनुमानित विवरण माथिको विवरण अनुसार छ ।

**माओवादीको राम्रा पक्षहरू**

(क) तार्गेटको डिटेल रेकी गरेको ।

(ख) सकेट बमहरु पोष्टसम्म पुऱ्याउनको लागि इम्प्रोभाईज डिस्चार्ज कप सहितको ३०३ जि.एफ.राईफल प्रयोग गरेको ।

(ग) राम्रो योजना, तयारी र रिहर्सल गरेको ।

(घ) करिब २ फिट गरिरो ट्रेन्च खनेर स्याण्डव्याग बोरीको आड प्रयोग गर्दै अगाडि बढेको ।

(ङ) अति नै समर्पित र दृढ मानसिकता भएको । लड्नु पर्छ र जित्नु पर्छ भन्ने भावना रहेको ।

(च) हमलामा आउने व्यक्तिहरु अन्तिम अवस्थासम्म पनि नआत्तिएको ।

(छ) सुरक्षा फौजलाई मानसिक दवाव दिन सिठ्ठी बजाउदै, कमाण्डो भन्दै अगाडि बढेको ।

(ज) रातको समयमा एक स्थानबाट अर्को स्थानमा छिटो हर्कत गर्न सक्ने क्षमता भएको ।

(झ) कमाण्डरको आदेशलाई पालना गर्ने ।

(ञ) मरिन्छ भन्ने सोचाई नभएको ।

**माओवादीको कमजोरी पक्ष**

(क) फायरले नभेट्ने स्थान तथा अनावश्यक स्थानमा पनि ट्रेन्चहरु खनि समय बर्बाद गरेको ।

(ख) सबै विद्रोहीहरुमा एक प्रकारको जोश र एग्रेसिभनेश नदेखिएको ।

(ग) सरप्राईज र डिसेप्सनको उपायहरु नअपनाएको ।

(घ) युद्धकलाको प्रयोग गर्नु भन्दा बढी मुर्खतापुर्वक लडेको ।

(ङ) केही माओवादी विद्राही बाहेक अरुमा तालिमको कमी देखिएको ।

(च) सबैसंग पर्शनल हतियार नभएको ।

(छ) हतियारको एम्युनिशनको कमी भएको ।

**माओवादीको आफ्नै समिक्षामा खारा आक्रमण विफल हुनाको कारणहरू**

(क) Real र False Attack को तरिका ठिक भएपनि Coordination गरि Offense र Defence मिलाउन नसकेको ।

(ख) बलिदानीमा कमी, छापामार चेतनाबाट मुक्त । तल सम्म प्रशिक्षण गर्नुपर्ने थियो त्यति हुन नसकेको ।

(ग) कमाण्डरदेखी सदस्यसम्म एकरुपताको अभाव र कमाण्डरलाई नटेर्ने समस्या । सबै तहमा समन्वय नभएको र बिशेष गरि पश्चिम कमाण्ड र मध्य कमाण्डको तालमेल नभएको ।

(घ) नेपाम बमले काम नदिएको ।

(ङ) ८१ मि.मि.मोर्टारबाट ठिक प्रहार र आक्रमणमा फायर सपोर्टमा समन्वय हुन नसकेको ।

(च) सुरक्षा फौजले आक्रमण बारे पहिले थाहा पाएकोले पनि लडाईको पुर्व योजना अनुसार उज्यालैमा आक्रमण शुरु नभई राति ८–९ बजे मात्र Assullt गर्दै आ–आफ्नो जिम्मेवारी ईलाकामा आई पुगेको ।

(छ) कमाण्डरले टिमलाई अगाडि बढाउन नसकेको ।

(ज) Assault लाई एकरुपताको साथ अघि बढाउन माथिल्लो लेभलमा संचार Coordination को अभाव भएको ।

(झ) Secondary Arc मा प्रभावकारी फायर हुन नसक्नु, सप्लाई ठिक हुन नसक्नु, तयारी (सर्भे) अपुग आदी हुनाले पनि लडाई हारेको ।

(ञ) भुगोल अनुसार Sand Model नहुनाले Assult ठिक ठिक ठाउमा पुग्न नसकेको ।

(ट) माथिल्लो कमाण्डरको दुस्मनप्रतिको बुझाईमा गम्भिरता नभई हलुका बुझाई भएको ।

(ठ) डिभ कमाण्डरले हारेमा सेटव्याक खाईन्छ भन्ने बिफ्रिङ्गले नकारात्मक असर परेको । पश्चिम डिभिजन टिक्यो तर 4th र 9th बृगेड पछि हटयो ।

(ड) पहिले हारेको ठाउ हुनाले मनोबैज्ञानिक रुपमा तल माथि नै असर परेको हुन सक्ने ।

(ढ) माओवादी पार्टी विचको (प्रचन्ड र डा. बाबुराम भट्टराईको टोली विच) अन्र्तसंघर्षको कारणले लड्ने तरिकामा पनि विविधता आएको हुन सक्ने । जसको कारणले बाबुराम पक्षबाद् सेना विरुद्ध गरिने हमला बारे अग्रिम खवरको चुहावट हुने गरेको पनि बुझियो ।

(ण) पछाडि हटेपछि रिट्रिटपछि पुनः Reorganize गरेर आ–आफ्नो आर्कमा टिमलाई पुऱ्याएको भए फेरी पनि कब्जा हुन सक्थ्यो कि ***?***

(त) १८–२० घण्टा मोर्चाबद्ध लड्न सक्नु र बंकर युद्ध वरिपरिको क्षेत्र होल्ड गरि रहन सक्नु सबल पक्ष हो । दुस्मनको Fortification तोड्न अझै लामो लडाईको आवश्यकता बोध हुनु र लडाई पनि जित्न सकिने बिश्वास कायम हुनु पनि राम्रो पक्ष हो । युद्धकलामा विकास भएको छ । लाष्टमा Finish गर्न सकिएन । हामिले पनि जितेनौ र दुस्मनले पनि हारेन ।

(थ) हतियार छोड्ने कुरा धेरै सरल भयो र टिम भित्र त यो गम्भिर समस्या भएको छ ।

(द) पश्चिम डिभले दिनको मोर्चालाई सशक्त बनायो भने मध्य डिभले राती नै जित्ने सोच बनायो ।

(ध) दुस्मनको किल्ला हामिले सोचे भन्दा बलियो थियो । गलत तार्गेटको छनौट । तर तार्गेट छान्दा पनि मतभेद भएको थियो ।

(न) जसरी नाप्दा पनि यो लडाई लक्ष्य र उद्देश्यमा असफलता नै हो ।

(प) दुई दिनसम्म जमेर लड्न सक्ने विश्वास प्राप्त हुनु ।

(फ) हेलीकप्टरलाई ब्लक गर्न सकिने अनुभुति ।

(ब) धेरै हतारमा हमला भएको ।

(भ) नेतृत्वले योजना राष्ट्रिय र अन्तर्राष्ट्रिय बस्तुस्थिती आंकलन गरेर त बनाउछ तर त्यसको कार्यान्वयन गर्न आन्तरिक सैन्य ताकतको आंकलनमा मनोगत कमजोरी छ की ***?***

(म) सेनामा मोर्चबद्ध युद्ध सम्बन्धी बुझाई मुख्यत: व्यवहारद्धारा नै बुझाउनु पर्ने ।

## सुरक्षा फौजको राम्रा पक्ष

(क) स्थानिय जनताबाट सुरक्षा फौजलाई माओवादी विद्राही सम्बन्धी दैनिक खबर प्राप्त भएको ।

(ख) गण हे.क्वा.र सदरमुकाम स्थित गुल्मबाट मिति २०६१ चैत २५ गते राप्ती अञ्चलको कुनै पनि जिल्ला माओवादी आतंककारीहरुले आक्रमण गर्ने र बढी सम्भावना खारा पोष्ट रहेको भन्ने जानकारी प्राप्त ।

(ग) गुल्मबाट १७१५ बजे पठाएको Clearance Patrol बाट तथ्य खबर प्राप्त ।

(घ) माओवादी भन्दा पहिले सुरक्षा फौजले फायर गर्नुले पहल कदमी राम्रो भएको र शुरुमै माओवादी तितर वितर हुनु परेको ।

(ङ) सल्यान मुसिकोट कार्य गणका सेनानीले आक्रमण भएमा हेलिकप्टरसंग समन्वय र पेरिमिटर रेखदेख गर्ने र गुल्मपतिले

गुल्मको सर्पोटिङ्ग हतियारको प्रयोग र पेरिमिटर रेखदेख गर्ने गरी समन्वय गरिएको ।

(च) गण हे.क्वा.बाट स्पष्ट निर्देशनको साथै माग गरेको डिफेन्स स्टोरको सामानहरु मौज्दात भएसम्म उपलब्ध गराईएको ।

(छ) प्रतिकारको लागि राम्रो पूर्व तयारी भएको ।

(ज) ३ वटा सेक्टरमा मेडिकल प्वाईन्ट खडा गरिएको ।

(झ) राम्रो फायर कन्ट्रोल भएको, करिब १५ घण्टाको लडाईपछि पनि करिब २० प्रतिशत एम्युनिशन बाकी नै रहेको ।

(ञ) ८१ मि.मि.मोर्टर पेरिमिटरको ४०/५० मिटर अगाडि वरिपरि नै खसाल्न सफल भएको ।

(ट) गृनेड र २" मोर्टरको सहि प्रयोग भएको ।

(ठ) Re–adjustment छिटो र राम्रो भएको ।

(ड) सेक्टर कमाण्डरहर बिच राम्रो समन्वय भएको ।

(ढ) सकलदर्जाहरुमा सशक्त र वीरतापुर्ण प्रतिकार गर्ने क्षमता एग्रेसिभनेश भएको साथै समय र परिस्थिती अनुकुल पहलता लिएको ।

(ण) प्रतिकारको दौरान सामान्य घाईते भएका व्यक्तिहरुलाई आराम गर्नको लागि आर.ए.पि.मा पठाईएको भएतापनि सबै घाईतेहरु सामान्य प्राथमिक उपचार पश्चात लड्नको लागि पोष्टमा आएको ।

(त) समयमा नै हेलिकप्टर सपोर्ट प्राप्त भएको । MI-17 हेलिकप्टर २ वटा भएको ।

(थ) माओवादीको अत्याधिक क्षति पुऱ्याएर पनि आफ्नो तर्फ नगन्य क्षति भएको । करिब ३०० माओवादीहरु मारिएकोमा सुरक्षा फौज तर्फ ३ जनाले मात्र वीरगति प्राप्त गरेको ।

**सुरक्षा फौजको कमजोरी**

(क) फष्ट एडका सामान तथा औषधीहरु आवश्यकता अनुसार नभएको ।

(ख) ८१ मि.मि.मोर्टर एउटा मात्र भएकोले फायर सिफ्ट गर्न कठिनाई परेको ।

(ग) आक्रमण पश्चात भागेका माओवादीहरुलाई समयमा नै ब्लकिङ्ग तथा Pursuit गर्न नसकिएको ।

(घ) लान्सर हेलिकप्टरको रकेटहरु तयारी हालतमा नरहेको जसले गर्दा आवश्यक परेको समयमा लान्सरले रकेट फायर गर्न नसकेको ।

(ङ) बत्तिको तार, IED को केही तार र ब्यारेक भित्रको पानी ट्याङ्की सुरक्षित नभएको ।

(च) ४० मि.मि. रकेट लन्चरको फायर गर्ने फायररको आत्मबलको कमि ।

(छ) प्राथमिक उपचार गर्ने र IED सम्बन्धी ज्ञानको कमी ।

(ज) एम्युनिशन आपुर्ति र घाईते बिरामीलाई पछाडि हटाउने रातको अभ्यासको कमी ।

(झ) मिलापको साधनको कमी ।

**मौषमी प्रभाव**: उक्त दिनको मौषमलाई निम्न अनुसार विस्लेषण गर्न सकिन्छ:

(क) अधेरी रात

(१) फाईदा

(कक) माओवादीले देखभाल गरेर फायर गर्न नपाएको ।

(कख) हाम्रो Readjustment गर्दा हर्कत थाहा नभएको ।

(कग) एम्युनिशन आपुर्तिमा सुविधा ।

(कघ) घाईते बिरामी बङ्करमा लान सुविधा ।

(२) बेफाईदा

(कख) माओवादी धेरै नजिक सम्म आएको ।

(खख) नाइटभिजन डिभाइसले राम्रो काम नगर्ने ।

(कग) सिस्ता लिएर फायर गर्न नपाएको ।

**भविष्यलाई पाठहरू**

(क) संभावित थ्रेटको (चुनौतीका) बारेमा बिफ्रिङ्ग गरि हर समय सकलदर्जाहरुलाई सजक तथा सतर्क गराउनु पर्ने ।

(ख) स्मल आर्मस फायर भन्दा ८१ मि.मि. मोर्टर, २" मोर्टर र गृनेडहरुको प्रयोग बढी प्रभावकारी हुने ।

(ग) ८१ मि.मि.मोर्टरबाट व्यारेकको ५०० गज वरिपरि फायर गर्न सकेमा बढी प्रभावकारी हुने ।

(घ) ह्याण्ड हेल्ड प्यारा ल्फेयरको प्रयोग सरल, छिटो र अति प्रभावकारी भएको ।

(ङ) जवानहरुले नआत्तिएर कारबाहि गरेमा आतंककारीहरुले फायर गरेको ८१ मि.मि.मोर्टरको सेल खस्दा निस्कने आवाजको पहिचान गरी बंकरको प्रयोग गरि क्याजुल्टीबाट बच्न सकिने ।

(च) नआत्तिएर उच्च मनोवलका साथ कारबाहि गरेमा सानो टुकुडीले पनि हजारौको संख्यामा आएका आतंककारीको परास्त गर्न सक्ने ।

(छ) सुरक्षाको लागि टेप लगाई राखेको गृनेडहरु समय अभावको कारण केही व्यक्तिहरुले गृनेडको पिन थुत्ने तर टेप नउप्काई फालेको पाईएकोले बाहिरी अपरेशनको दौरान प्रयोग गर्ने गृनेडहरु बाहेक अरु गृनेडहरुलाई टेप लगाउनु उपयुक्त नहुने ।

(ज) IED को तारहरु बिछ्याउदा पोलिथिन पाईपमा हाली करिब १.५ फिटदेखी २ फिट सम्म जमिन मुनि गाडेर लानुपर्ने ।

(झ) बत्तीको (बिजुली) प्रयोग गर्दा पेरिमिटरमा लगाएको तार अण्डरग्राउण्ड गर्नुपर्ने र पोष्ट पोष्टमा ON/OFF स्वीच राख्नु पर्ने ।

(ञ) व्यारेकमा भएको पानी ट्याङ्किहरुलाई Under Ground वा पेरिमिटर वाल लगाएर राख्नु पर्ने ।

(ट) ४० मि.मि.रकेट लन्चरको फायररको आत्मभरोसा कम देखिएको हुदां समय समयमा फायर गर्ने व्यवस्था हुनुपर्ने ।

(ठ) मेडिकल र प्राथमिक उपचार सम्बन्धी सामानहरु सेक्टर सेक्टरमा राख्नु पर्ने ।

(ड) आफ्नो मातहतका सकलदर्जालाई रोलकल, दरबार परेड र तालिममा जाई लाग्नेपन सम्बन्धी मनोबल उकास्ने किसिमको भावना जगाउने ।

(ढ) सबै हतियारको व्यक्तिगत सफाईको सामानहरु साथमा हुनुपर्ने ।

(ण) मिलापको लागि केनउड सेट कमाण्डर संग बाहेक ८१ मि.मि., जि.पि.एम.जि. र २” मोर्टर ग्रुपसंग पनि हुनेपर्ने ।

३६. **<u>सुझावहरु</u>**

(क) सुरक्षा बेशमा कम्तिमा ४ जना मेडिकल अर्दली र पर्याप्त औषधिहरु हुनुपर्ने ।

(ख) मिलापको साधनहरु प्रत्येक सेक्टर कमाण्डर, ८१ मि.मि.मोर्टर कमाण्डर, जि.पि.एम.जि. कमाण्डर र २” मोर्टर कमाण्डरसंग हुनुपर्ने ।

(ग) प्रत्येक पोष्टमा ओभरहेड प्रोटेक्सन हुनुपर्ने र बंकरहरु ट्रेन्चको नजिकै बनाउनु पर्ने ।

(घ) व्यक्तिहरुको सुरक्षाको लागि पोष्टको पछाडि पनि आड बनाउनु पर्ने ।

(ङ) जमिन भन्दा माथि उठाइएको पोष्टहरु (ओ.पि.पोष्ट बाहेक) भन्दा जमिनको लेवलसंग बनाइएका पोष्टहरु बढी सुरक्षित र प्रभावकारी हुने ।

(च) आतंककारीहरुले आक्रमणको दौरन पेरिमिटर वरिपरि आगो लगाएको खण्डमा काठको पोलहरु जलेर नष्ट भई अब्सटेकल बर्वाद हुने हुदां वायर अब्सटेकल लगाउदा काठको पोलहरुको सट्टामा आईरन पिकेटहरुको प्रयोग गर्नुपर्ने ।

(छ) हरेक पोष्टमा रातभरीलाई आवश्यक पर्ने पिउने पानी, फायरबलको लागि मट्टितेल र SLR मा रोग पर्दा सो हटाउन क्लीयरिङ्ग रड राख्नु पर्ने ।

(ज) एम्युनिशन आपुर्ति र घाईते बिरामी पछाडि हटाउने अभ्यास दिनमा भन्दा रातमा बढी गर्नुपर्ने ।

(झ) प्रतिकारको दौरानमा जवानहरुको मोरालमा असर नपरोस् भनी कुनै पोष्टमा केही व्यक्ति घाईते भएमा वा वीरगति भएमा कमाण्डर बाहेक अन्य व्यक्तिहरुलाई सो को जानकारी तत्काल नगराउन उपयुक्त हुने ।

(ञ) आक्रमणको पश्चात भागेका आतंककारीहरुलाई समयमा नै Blocking र Pursuit गर्ने फौजको व्यवस्था हुनु जरुरी छ ।

(ट) हमलाको प्रतिकारको दौरान समयमा नै हेली सपोर्ट प्रदान गर्न १x एम.आई.१७ र १ x लान्सर हेलिकप्टर स्ट्याण्डवाई हुनपर्ने ।

(ठ) हेलीकप्टर को इसाराको लागि व्याट्रिबाट चल्ने इमरजेन्सी लाई केही मात्रामा हुनुपर्ने ।

(ड) विकट स्थानमा एक्लिएर रहेका सुरक्षा बेशहरुमा स्मल आर्मसको एम्युनिशन 3X Second Line जगेडा राख्नु पर्ने देखिन्छ ।

(ढ) ह्याण्ड गृनेड पनि प्रति जवान १० को दरले वितरण हुनुपर्ने ।

(ण) प्रत्येक पृतना, बाहिनी, गण र अनाश्रृत गुल्मको हे.क्वा.मा दुष्मन । विद्रोहीको कर्डलेस टेलिफोन मनिटर गर्ने उपकरणको व्यवस्था गर्नुपर्ने ।

अन्तमा,

नेपाली सेनाको यो सफल सैनिक कारवाहीको खारा डिफेन्स पोजीसनको कमान्डर मेजर हरिबावु बोगटी थिए भने गणपति प्रमुख सेनानी (उपरथी) झंकर बहादुर कडायत थिए ।